चुरे गाउँपालिका
(Chure Rural Municipality)
गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)
घरखेडा, कैलाली
सुदूरपश्चिमप्रदेश, नेपाल


## आ.व. २०८२/०८३ मा विज्ञापन एजेन्सी फर्म/कम्पनीहरुवाट पत्र पत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी शिलवन्दी प्रस्ताव पेश गर्ने बारे सूचना ।

(दोस्रो पटक प्रकाशित मिति २०८२/०५/३१)

यस गाउँपालिकाले चालु आ.व.२०८२/०८३ को लागि वोलपत्र सम्बन्धी राष्ट्रिय दैनिक पत्रिकामा प्रतिसपर्धा मार्फत् सवैभन्दा बढी छुट कवोल गर्ने फर्मवाट विज्ञापन/सूचना प्रकाशन कार्य गर्नु पर्ने भएकाले सो सम्वन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुले यसै सूचना साथ संलग्न विवरणहरु यस कार्यालयको website: www.churemun.gov.np बाट डाउनलोड गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र उक्त प्रस्ताव हार्डकपि मार्फत् (दर्ता भइसक्नु पर्ने मिति : २०८२/०६/१९ गते, बेलुका ५ वजे सम्म, प्रस्ताव खोल्ने मिति : २०८२/०६/२० गते दिउसो १२:०० वजे) यस कार्यालयमा तपशिलका कागजातहरु सहित पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

- संस्था/एजेन्सी अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित ईजाजत पत्र
- अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र
- मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र/स्थायी लेखा नम्वर (PAN) प्रमाणित प्रमाण पत्र
- आ.व.२०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्र
- विज्ञापन वोर्डमा दर्ता तथा नवीकरण भएको प्रमाणित प्रतिलिपी
- शिलवन्दी प्रस्ताव फाराम दस्तुर वापत रु.१०००।- यस कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गरेको भौचर
- निवेदन
- ईमेलमा पठाइएको निवेदन स्वीकार गरिने छैन ।

प्रमुख प्रशासकीय अधिकृत


Web: www.churemun.gov.np, email: chure.gaupalika@gmail.com,http://info@churemun.gov.np

Mobile no. 9858485303, 9858488012, 9858488013

चुरे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

## पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव :

| | |
|---|---|
| प्रस्ताव पेश गर्ने अन्तिम मिति : | २०८२/०६/१९ |
| प्रस्ताव खोल्ने मिति : | २०८२/०६/२० |
| प्रस्ताव खोल्ने स्थान : | चुरे गाउँपालिकाको कार्यालय । |

त्यस कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धीप्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रही पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रस्ताव पेश गरेको छु/छौं ।

**फर्म/कम्पनिको नाम :**

**ठेगाना :**

फर्म कम्पनीको तर्फबाट अख्तियारवालाको दस्तखत (संचालक, प्रोप्राइटर वा संस्थाले अख्तियारी दिएको व्यक्ति) :

पूरा नाम :

मिति :

फोन नं. :

फर्मको छाप :

मोवाईल नम्वर :

ईमेल :

चुरे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घरखेडा,कैलाली सुदूरपश्चिम प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

# खण्ड क

# सामान्य जानकारी तथा सर्त

१. प्रस्ताव पेश गर्ने प्रस्तावदातालाइ निर्देशन

१.१ शिलबन्दी प्रस्ताव दस्तुर वापतको रु.१०००।- (अक्षेरुपी एक हजार रुपैयाँ मात्र) यस कार्यालयको **लक्ष्मी सनराईज बैंक लिमिटेड चुरे शाखामा** रहेको आन्तरिक राजस्व खाता ग-१.१ खाता नं. **०८२०५२९९६३७०३००६** मा जम्मा गरेको भौचरलाई शिलबन्दी प्रस्ताव कागजात साथ संलग्न राखी पेश गर्नुपर्नेछ ।

१.२ प्रस्तावदाताले प्रस्तावको वाहिर पट्टी शीरमा "चुरे गाउँपालिकाको लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव" भन्ने लेखी श्री प्रमुख प्रशासकीय अधिकृत, चुरे गाउपालिका घरखेडा कैलाली, सम्बोधन गरेको हुनु पर्दछ ।

१.३ प्रस्तावदाताले छुट दिन प्रस्ताव गरेको प्रतिशत अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । सो लेख्दा सकभर नविराइकन स्पष्ट बुझिनेगरी लेख्नु पर्ने छ । कथंकदाचित गल्ती भइ सच्चाउनु पर्ने भएमा अंक र अक्षर खुर्कनु वा मेट्नु हुदैन । गल्ती भएको अंक र अक्षर पढ्न सकिने गरि एउटा धर्साले काटी थप्नु पर्ने भएमा थप चिन्ह प्रयोग गरि जे लेख्नु पर्ने हो सो लेखी थप तथा काटेको ठाउमा अरु अंक र अक्षर थपघट गर्न नमिल्ने गरि अगाडी र पछाडि सहि छाप गरेको हुनु पर्ने छ। सो बमोजिम नभएको प्रस्तावलाइ मान्यता दिइने छैन ।

१.४ प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्ताव सहित तोकिएका पत्र पत्रिकाले आधिकारिक रुपमा प्रकाशित गरेको दर रेट समेत पेश गर्नु पर्ने छ ।

१.५ पेश भएका सम्पूर्ण कागजातहरुमा प्रस्तावदाताले रीतपूर्वक दस्तखत गरी आफ्नो फर्म/कम्पनीको छाप लगाउनु पर्ने छ ।

१.६ प्रस्ताव सम्वन्धी फाराममा उल्लेख भएका शर्तहरु बाहेक प्रस्तावदाताले आफ्नै तर्फवाट कुनै शर्त राखी प्रस्ताव गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत

१.७ प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहने छ ।

१.८ रीत नपुगेका र तोकिएका कागजातहरु संलग्न भई नआएका प्रस्तावहरु रद्द गरिने छ ।

१.९ प्रस्ताव सम्बन्धी कुनै कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

२. प्रस्ताव दाताले कार्यसम्पादनका सिलसिलामा पालना गर्नु पर्ने कार्य क्षेत्रगत शर्तहरु :

२.१ कवोल छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारिक रुपमा प्रकाशित गरेको दर रेटमा लागु हुनेछ । सम्बन्धित पत्रपत्रिकाले प्रकाशित दर रेटमा कुनै परिवर्तन गरेमा सो को जानकारी प्रस्ताव दाताले यथासम्भव छिटो यस कार्यालय लाइ जानकारी गराउनु पर्ने छ ।

२.२ सम्बन्धित पत्रपत्रिकाले सूचना प्रकाशित गर्ने सम्बन्धमा कुनै किसिमको विशेष योजना (छुट) ल्याएमा सो बमोजिमको थप छुट यस कार्यालयलाइ समेत उपलव्ध गराउनु पर्ने छ ।

२.३ प्रकाशन गर्नुपर्ने सूचना यस कार्यालयले दिएको लिखित आदेश बमोजिम तोकिएको मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नु पर्ने छ ।

२.४ यस कार्यालयले दिएको आदेश विपरित प्रकाशित सामाग्रीको रकम यस कार्यालयले भुक्तानी गर्ने छैन ।

२.५ सामान्यतया सूचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको एक दिन वा सो दिन अगावै यथा समयमै लिखित आदेश र सूचना उपलव्ध गराइने छ । तर आकस्मिक रुपमा सूचना प्रकाशन गर्नुपर्ने भएमा उपलव्ध समयलाइ ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भोलीपल्ट प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

२.६ स्वीकृत प्रस्तावदाताले प्रकाशित गर्नु पर्ने सूचना यस कार्यालयले तोकेको ठाउँमा गई संकलन गर्नु पर्ने छ ।

गौरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

२.७ स्वीकृत प्रस्तावदाताले कार्यासम्पन्न भएपछि सो वापतको बिल यस कार्यालयमा पेश गर्नुपर्ने छ ।

२.८ स्विकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कुनैपनि बखत १५ दिनको लिखित जानकरी दिएर सम्झौता भंग गर्न सकिने छ ।

३ प्रस्ताव दाताले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नुपर्ने छ ।

क. प्रस्तावदाताले यस कार्यालयको सूचना प्रकाशन कार्य गर्न गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोष्ट, नेपाल समाचार पत्र, नयाँ पत्रिका, कारोबार, राष्ट्रिय अभियान, The Rising Nepal, The Kathmandu Post, Republica, The Himalayan Times, लगायतका अन्य पत्रपत्रिकाको लागी आधिकारिक रुपमा एजेन्सीको रुपमा कार्यगर्न प्राप्त गरेको नवीकरण भएको प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

ख. प्रस्तावदाताले उपरोक्त अनुसारको पत्रपत्रिकाको विज्ञापनको साईज सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

ग. निम्न उल्लेखित कागजात शिलबन्दी खाम भित्र अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

- संस्था/एजेन्सी अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित ईजाजत पत्र
- अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाण पत्र
- मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र/स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाण पत्र
- आ.व.२०८०/०८१ सम्मको कर चुक्ता प्रमाण पत्र
- विज्ञापन बोर्डमा दर्ता तथा नवीकरण भएको प्रतिलिपि
- शिलवन्दी प्रस्ताव फाराम दस्तुर वापत रु.१०००।- यस कार्यालयको आन्तरिक राजस्व खातामा जम्मा गरेको भौचर
- निवेदन

४. मूल्यांकन सम्वन्धी व्यवस्था

४.१ प्रस्तावदाताले पेश गरेको छुट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

प्रमुख प्रशासकीय अधिकृत

४.२ तोकिएका प्रत्येक पत्रपत्रिकाको लागि छुट्टाछुट्टै रुपमा मूल्यांकन गरिने छ ।

४.३ तोकिए वमोजिमका कागजातहरु समावेश गरी कार्यक्षेत्रगत शर्तहरु अनुरुप कार्य गर्न ईच्छुक प्रस्ताव दाताहरु मध्ये सबै भन्दा बढी छुट गर्ने प्रस्तावदाताको स्वीकृत गरिने छ ।

५. भुक्तानी सम्बन्धी व्यवस्था :

५.१ स्वीकृत प्रस्तावदाता बाट कार्य सम्पन्न पश्चात पेश हुन आएको बिलको भुक्तानी EFT System वाट गरिने छ । पेश्की तथा आंशिक रुपमा रकम उपलब्ध गराइने छैन ।

५.२ प्रस्ताव सम्बन्धी फाराममा उल्लेखित कवोल छुट प्रतिशत यस आर्थिक वर्षका लागि मात्र कायम रहने छ ।

६. विविध व्यवस्था :

६.१ प्रचलित कानून बमोजिम वुझाउनु पर्ने कर तथा दस्तुर प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्ने छ ।

६.२ प्रस्ताव सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ बमोजिम हुने छ ।

६.३ सूचना प्रकाशन हुने राष्ट्रियस्तरको पत्रपत्रिकाको **E-Paper** समेत हुनु पर्नेछ ।

## <u>खण्ड ख</u>

## आर्थिक प्रस्ताव

गाउँ घुरे गाउँपालिका
कार्यपालिकाको कार्यालय
घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स | राष्ट्रिय पत्रिकाको नाम | दर रेट (प्रति सि सि) | एकमुष्ट छुट प्रतिशत | |
|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा |
| १ | | | | |

नोट :

१. छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारिक रुपमा प्रकाशित दर रेटमा लागु हुनेछ ।

२. छुट प्रतिशत यस आर्थिक बर्ष सम्मको लागि लागु हुनेछ ।

३. आधिकारिक रुपमा प्रकाशित दर रेटमा उल्लेखित कवोल छुट रकम घटाएपछि आउने रकममा मूल्य अभिवृद्धि कर लाग्नेछ ।

प्रस्तावकको नाम :

हस्ताक्षर :

फर्मको छाप :

मिति :